का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० असोज २०७९,
सोमबार
26 September 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २३३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



दसैं नजिकिएसँगै बिक्रीका लागि सुर्खेतको वीरेन्द्रनगरमा ल्याएको भेडा । तस्वीर: सुरेश आचार्य, रासस

# राष्ट्रियसभा अध्यक्षको 'अनावश्यक' चिन्ता

सभामुखको पदावधि कहिलेसम्म हो, सभामुख र उपसभामुख पदमुक्त भए कि भएनन जस्ता विषयमा चासो राख्दै निर्वाचन आयोगलाई पत्र लेख्ने, सभामुखले गरेको निर्णय कार्यान्वयन नर्गन संसदकै महासचिवलाई निर्देशन दिने काममा राष्ट्रिय सभाका अध्यक्ष लागिपरेका छन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिना र सभामुख अग्नि प्रसाद सापकोटाबीच सुरु देखि नै टकराव छ । उक्त टकरावका कारण संघीय संसद्ले गर्ने कतिपय प्रशासनिक काममा समेत असर पर्ने गरेको छ । तर, सभामुखको पदावधिको विषयलाई लिएर राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनाले चासो राखेपछि सदनका दुई नेतृत्वको टकराव छताछुल्ल भएको छ ।

सभामुखको पदावधि कहिलेसम्म हो, सभामुख र उपसभामुख पदमुक्त भए कि भएनन, जस्ता विषयमा चासो राख्दै निर्वाचन आयोगलाई पत्र लेख्ने, सभामुखले गरेको निर्णय कार्यान्वयन नर्गन संसद्कै महासचिवलाई निर्देशन दिने काममा राष्ट्रिय सभाका अध्यक्ष लागिपरेका छन्। यस्ता गतिविधिका सबै पत्रहरू सार्वजनिक पनि भएका छन् ।

संघीय संसद् सचिवालयका अनुसार असोज ५ गते सभामुख सापकोटाको अध्यक्षमा बसेको संघीय संसदको व्यवस्थापन समितिको बैठकले गत पुसदेखि संसद सचिवालयमा हाजिर भएर काम गरिरहेका उपसचिवहरू सुशीला आचार्य र नुमराज खनालको नाम अनुमोदन गरेको थियो ।

लोकसेवा आयोगले नियुक्ति दिएर पठाए पनि नयाँ आउने कर्मचारीलाई संसद व्यवस्थापन समितिले अनुमोदन गर्नुपर्ने व्यवस्था छ । अध्ययनका लागि विदेश गएका सहसचिव झलक शर्मा सापकोटा, उपसचिव सिंहराज रुम्बा अधिकृतहरू मेघराज अर्याल र भानु पोखरेलले अध्ययन बिदा पनि

– बाँकी पृष्ठ २ मा

एमालेको मधेश मिसन

# असन्तुष्ट फकाउने प्रवेश गराउने

सत्तारुढ गठबन्धनले साझा उम्मेद्वारी दिने तयारी गरिरहेका बेला नेकपा एमालेले भने मधेश प्रदेशलाई विशेष चासोमा राखेको देखिन्छ । सत्तारुढ बीच तालमेलमा देखिएको लाभ उठाउनेदेखि पार्टी प्रवेशलाई विशेष जोड दिएर अध्यक्ष केपी शर्मा ओलीले दौडधुप बढाएका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शनिबार जनकपुर पुगेर जनता समाजवादी पार्टी (जसपा) का नेताहरुलाई पार्टी प्रवेश गराए । जनकपुरमा रेल चढेर राष्ट्रिय सन्देश दिएका ओली आइतबार वीरगञ्ज आए । यहाँ पनि ओली पार्टी प्रवेश गराउन आएका हुन् । वीरगञ्जमा ओलीले गएको स्थानीय चुनावबाटै पार्टी प्रवेशलाई प्राथमिकतामा राखेका छन् ।

वीरगञ्ज महानगरपालिकामा मेयरकै उम्मेद्वार पार्टी प्रवेश गरेर आएका विजय सरावगी थिए । सरावगीले जसपा छोडेर एमालेबाट उम्मेद्वार बनेपनि जित्न भने सकेनन् । फेरि पनि चुनाव भने जसपाबाट उम्मेद्वार रहेका राजेशमान सिंह नै भए । विजय एमाले प्रवेश गरेपछि उनी लोसपाबाट जसपातिर लागेका थिए ।

विजयपछि अन्य नेताहरु पनि एमाले प्रवेश गराइरहेका छन् । जनकपुरमा पनि ओलीले जसपा र लोसपाकै नेताहरु एमाले प्रवेश गराएका थिए । उमा शंकर अरगरिया, अमृता अग्रहरी लगायत संघीय सांसदले नै एमाले प्रवेश गरेका छन् । मधेश प्रदेशको एमालेमा अहिले नवप्रवेशी लहर नै चलेको छ । नेकपा माओवादी केन्द्र परित्याग गरी एमालेमा प्रवेश गरेका प्रभु साह प्रवेश गर्नेहरुमा उच्च तहका नेता हुन् ।

रौतहटमा राम्रो प्रभाव रहेका साहले ५ प्रदेशसभा सदस्य सहित यसअघि एमाले प्रवेश गरेका थिए । त्यसपछि अन्य दलबाट पनि प्रवेश गराउने क्रम चलिरहेको छ । एमालेले पार्टी प्रवेश गर्नेको संख्या लाख नाघिसकेको दावी गरेको छ । त्यस मध्ये मधेश प्रदेशमै धेरै छन् । तराई मधेश केन्द्रीत दल जसपाभित्र देखिएको विवाद, लोसपाको अस्थिरता र सत्तारुढ गठबन्धनमा उत्पन्न संघर्षको लाभ एमालेले उठाउँदै आएको छ ।

एमालेले पार्टी विभाजनको क्षति प्रवेश गर्नेहरुबाटै पूर्ति गर्ने दावी नै गर्दै आएको छ । पूर्वप्रधानमन्त्रीहरु

– बाँकी पृष्ठ २ मा

# विवादमा राष्ट्रपति बचाउमा ओली !

पटक पटक विभिन्न विषयको विवादमा तानिदाँ पनि सजग नहुने राष्ट्रपति भण्डारी र हरेक कुरामा बचाउ गर्ने अध्यक्ष ओलीको प्रवृत्तिबारे चर्को आलोचना हुँदै आएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

संसद विघटन, अस्वभाविक सवारी, विदेश भ्रमण, नेकपा एमालेका अध्यक्ष केपी ओलीसँगको भेट लगायतका थुप्रै विषयमा राष्ट्रपति विद्यादेवी भण्डारी पटक पटक आलोचित बन्दै आएकी छिन् । पछिल्लो समय पनि उनी नागरिकता विधेयक पारित नगरेको विषयमा आलोचित हुँदै आएकी छिन् । एमालेनिकट भातृ संगठन र केही व्यक्तिहरुले उनको कदमको सम्मान गरेपनि कानुनका ज्ञाताहरुले नै राष्ट्रपतिको कदम असंवैधानिक भएको बताउँदै आएका छन् ।

'सरकारको भनाई एकापट्टी छ, राष्ट्रपति अर्कोपट्टी छ, यस्तो गैरजिम्मेवारीपूर्ण तरिकाले हामीले हाम्रो भूराजनीतिक सन्तुलन कायम राख्न सक्दैनौं,' पूर्वप्रधानमन्त्री डा. बावुराम भट्टराईले भने । उनले राष्ट्रपति भण्डारीले संविधानलाई मिच्ने र संघीय लोकतान्त्रिक गणतन्त्रको डुंगामा प्वाल पार्ने काम गरेको आरोप पनि लगाएका छन् ।

हुनत, राष्ट्रपति भण्डारीका कामहरु पटकपटक विवादमा पर्दै आएका छन् । राष्ट्रपति बनेदेखि नै भण्डारीको सवारीलाई लिएर आलोचना हुँदै आएको छ । उनको सवारीका कारण नागरिकले सास्ती पाएको गुनासो सधैं हुने गरेको छ । त्यस्तै, राष्ट्रपति कार्यालयमै हेलिप्याड बनाउन गरिएको निर्णय पनि विवादमा आएको

– बाँकी पृष्ठ २ मा


## कुवेतमा रोजगारको अवसर

कम्पनी: SHAIKHA ALAZMI BEAUTY SALON — शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८२८७ — L.T. No.: 272567

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (Hair & Shoulder Massage) | 6 | सम्बन्धित काममा दक्ष | 170 | ७०,९२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Beautician (Manicure & Pedicure) | 14 | | 150 | ६२,५७८ | | | | | | | |
| 3. | Beautician (Stylish Hair Cut) | 8 | | 160 | ६६,७५० | | | | | | | |
| 4. | Body Wash | 5 | | 130 | ५४,२३४ | | | | | | | |
| 5. | Eyelashes Fixer | 4 | | 150 | ६२,५७८ | | | | | | | |
| 6. | Office Cleaner | 3 | | 120 | ५०,०६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ असोज १७ गते (03 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नतिर्नुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका सिलसिलामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR Destiny Human Resource Nepal Pvt. Ltd.
Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 01- 4111890
Email : destinykuwait3@gmail.com | Contact No.: 9847932530, 9843196615, 9869556151, 9810380130, 9823599811, 9851147445


वैदेशिक रोजगार विशेष

# मन्त्रालयद्वारा केडीएनअनुसार मागपत्रको अवधि थप

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसियामा कामदार आपूर्ति गर्न म्यानपावर कम्पनीले ल्याएको मागपत्रको अवधि केडीएनमा उल्लेख भएअनुसार हुने निर्णय गरेको छ ।

यसअघि तीन-तीन महिनाका दरले श्रम स्वीकृति अवधि थप हुँदै आएकोमा मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले मन्त्रीस्तरीय निर्णय गरी वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको मात्रपत्रमा उल्लेख भएको अवधिसम्म श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरी कार्यान्वयनका लागि वैदेशिक रोजगार विभागलाई पत्राचार गरेको हो । कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण मलेसिया सरकारले


– बाँकी पृष्ठ २ मा

## 'पर्याप्त रेमिट्यान्स नआए सरकार सञ्चालनमा संकट'

**काठमाडौं/मस-** प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले पर्याप्त मात्रामा रेमिट्यान्स नआए सरकार सञ्चालनमा संकट आउने बताएका छन् । आइतवार नीति अनुसन्धान प्रतिष्ठानको चौथो स्थापना दिवसको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा रहेका युवायुवतीले पठाएको रेमिट्यान्सले मुलुकको दैनिक खर्चमा सहज भएको भन्दै रेमिट्यान्स नआए सरकार चलाउनै गाह्रो हुने बताए ।

– बाँकी पृष्ठ २ मा

# बडा दशैं शुरु



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज ।

आजबाट हिन्दु धर्माबलम्बीहरूको बडा दशैं शुरु भएको छ । पहिलो दिन आज घरघरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ । गाईको गोबरले लिपपोत गरेर तयार पारिएको पूजा कोठा अथवा दशैं घरमा पवित्र नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई जौ छरेर विधिपूर्वक आज जमरा राखिन्छ ।

घटस्थापनाको शुभ साइत आज बिहान १० बजेर २३ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास र धूमधामका साथ हिन्दु धर्मावलम्बीहरूले बडा दशैं मनाउने गर्छन । बडा दशैंको टिकाको साइत असोज १९ गते ११:५१ मा उत्तम

– बाँकी पृष्ठ २ मा


## नेपाल बैदेशिक रोजगार व्यवसायी संघको विज्ञप्ती

वैदेशिक रोजगारको आकर्षक गन्तव्य मुलुक मध्येको मलेसिया मुलुकमा प्राप्त मागपत्र अनुरूपको कानूनी प्रक्रिया पूरा गरी KDN प्राप्त गरिसकेका कामदारहरूको कोभिड-१९ का कारण म्याद गुज्रन जाँदा व्यवसायी र कामदारलाई मर्का परेको विषयमा यस संघको पहल र व्यावसायिक भ्रातृ संगठनहरू (नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाल)को सहकार्यमा म्याद थपका लागि गरेको प्रयत्न स्वरूप माननिय मन्त्रीस्तरबाट म्याद थप भई पुरानै KDN बाट कामदार पठाउन पाउने निर्णय भएको जानकारी गराउँदै व्यावसायिक हक हितका लागि भएको यस कार्यमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननिय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, वैदेशिक रोजगार विभागका महानिर्देशकज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं । साथै व्यावसायिक हक हितको संरक्षण र पेशागत हित रक्षाका लागि सहकार्य गर्नुहुने व्यावसायिक संघसंस्था एवं सम्पूर्ण व्यवसायीज्यू प्रति धन्यवाद ज्ञापन गर्दछौं ।

प्रेमबहादुर कटुवाल
सह-संयोजक

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# सर्वोच्चद्वारा नागरिकता विधेयक प्रमाणीकरण नगर्नुको कारण देखाऊ आदेश



**काठमाडौं/मस–** नागरिकता विधेयक प्रमाणीकरण नगरेको भन्दै परेका मुद्दामा सर्वोच्च अदालतले राष्ट्रपति विद्यादेवी भण्डारीका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। न्यायाधीश हरि फुयालको एकल इजलासले आइतबार राष्ट्रपतिका नाममा कारण देखाऊ आदेश जारी गरेको हो।

न्यायाधीश फुयाँलको इजलासले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुको कारण पेस गर्न आदेश गरेको हो। सर्वोच्चको आदेशानुसार राष्ट्रपति भण्डारीले अब लिखित जवाफ पेस गर्नुपर्ने छ। संसदले दोस्रो पटक पारित गरेर पठाएको विधेयक र ाष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

नागरिकता विधेयक पहिलो पटक र ाष्ट्रपति भण्डारीले फिर्ता गरेकी थिइन्। दुबै सदनले फेरि सोही विधेयक पारित गरेर राष्ट्रपति कार्यालय पठाएका थिए। संसदले पठाएको १५ दिनसम्म पनि राष्ट्रपति भण्डारीले उक्त विधेयक प्रमाणीकरण नगरेपछि सर्वोच्चमा मुद्दा परेको हो।

### एमालेको ...

माधवकुमार नेपाल र झलनाथ खनाल सहित ठूलो समूहले गएको वर्ष विद्रोह गरी नेकपा एकीकृत समाजवादी गठन गरेका छन्। अलग पार्टी बनाउँदा २३ जना प्रतिनिधिसभा सदस्य, ५३ जना प्रदेशसभा सदस्य र ५५ जना केन्द्रीय सदस्यले एमाले त्यागेका थिए। त्यो पूर्ति प्रवेशबाटै गराने दावी एमालेको छ। तर गएको स्थानीय चुनावको नतिजाले भने विभाजनको क्षति प्रवेशबाट पूरा भएको देखिदैन। किनकि २०७४ मा पनि कांग्रेस र माओवादीको गठबन्धन हुँदा पनि एमाले पहिलो दल बनेको थियो। यसपटक कांग्रेस पहिलो शक्ति बनिसकेको छ।

### राष्ट्रियसभा...

स्वीकृत गरेको थियो। साथसाथै, संसद सचिवालयका कार्यरत कर्मचारीको नियुक्ति तथा बढुवालाई समेत अनुमोदन गरेको थियो।

तर, उक्त बैठकमा राष्ट्रियसभा अध्यक्ष उपस्थित थिएनन्। 'राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिना उक्त बैठकमा अनुपस्थित हुनुहुन्थ्यो' संसद सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले भने। आफू अनुपस्थिति भएको बैठकले गरेका निर्णयप्रति असन्तुष्ट रहेर राष्ट्रिय सभाका अध्यक्ष तिमल्सिनाले सभामुखको वैधतामाथि नै प्रश्न उठाएका छन्। ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावका लागि समानुपातिक तर्फको समानुपातिक तर्फको बन्द सूची दलहरूले निर्वाचन आयोगमा बुझाएसँगै सभामुखको पदावधि सकिएको संकेत गर्दै तिमिल्सिनाले असोज ५ गतेका निर्णय कार्यान्वयन नगर्न महासचिवलाई निर्देश गरेका छन्।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम उम्मेदवारको बन्दसूची पेश हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका संसद कायम रहेको विगतको अभ्यास रहेको र निर्वाचन आयोगबाट निर्वाचनको सघन रूपमा तयारी भइरहेको सन्दर्भ समेतलाई आधार मानी प्रतिनिधि सभाका पदाधिकारी तथा सदस्यहरूको कार्यावधि नेपालको संविधान र विगतको अभ्यास बमोजिम निश्चित हुने व्यहोरा निर्वाचन आयोगबाट प्राप्त भएको तिमिल्सिनाले उल्लेख गरेका छन्।

राष्ट्रिय सभा अध्यक्षको निजी सचिवालयले संघीय संसद सचिवालयका महासचिवलाई लेखेको पत्रमा थप भनिएको छ, 'मिति २०७९/०६/०५ गते दिनको १.०० बजे संघीय संसद सचिवालयको सचिवालय तथा वस्थापन समितिको बैठकले गरेका निर्णय कार्यान्वयन गर्न गराउन उपयुक्त नदेखिएको सम्माननीय अध्यक्षज्यूबाट निर्देश भएकाले सोही बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ।'

### विवादमा...

थियो। जसले गर्दा मन्त्रिपरिषद्ले राष्ट्रपति कार्यालयसँग रहेको प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई काभ्रेको पनौतीमा सार्ने निर्णय गरेको थियो। पोखरास्थित विन्ध्यवासिनी मन्दिरमा निर्मित लिफ्टको उद्घाटन गर्न गएको पछि पनि उनले आलोचनाको सामना गर्नुपरेको थियो। विभिन्न देशले कतारमा नाकाबन्दी लगाएका बेला उक्त देशको भ्रमण गर्दा अपरिपक्व कुटनीतिक निर्णय भन्दै उनको आलोचना भएको थियो। दशैंमा बहालवाला र पूर्वविशिष्ट अधिकारीहरूले भण्डारीको हातबाट टीका लगाउँदा उनको अगाडि घुँडा टेकेका तस्बिरहरू सार्वजनिक हुँदा कुर्सी नराखेको विषयले विवाद ल्याएको थियो। नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी नेकपाभित्रको विवाद चरमोत्कर्षमा पुगेका बेला राष्ट्रपति भण्डारीले उक्त दलका नेताहरूलाई राष्ट्रपति कार्यालयमा सामूहिक रूपमा भेटेर छलफल गरेपछि उनको आलोचना चुलिएको थियो। त्यस्तै नेकपा एमालेका अध्यक्ष केपी ओलीले पहिलो पटक विसं २०७७ पौष ५ गते र दोस्रो पटक उनले विसं २०७८ जेठ ८ गते मध्यरातमा गरेको संसद् विघटन सदर गरेपछि पनि उनको चर्को आलोचना भएको थियो। त्यस्तै, संसद्बाट दोहोऱ्याएर पारित भई प्रमाणीकरणका लागि पठाइएको नागरिकता विधेयक प्रमाणीकरण नगरेपछि उनको चर्को आलोचना भईरहेको छ। यद्यपि, एमाले अध्यक्ष केपी ओली भने राष्ट्रपति नामक संस्थाको बदनाम गर्ने प्रयास भएको भन्दै उनको बचाउमा लागिरहेका छन्। 'बाहिरबाहिर बसेर अनाडि मान्छे भेला भएर, अनाडि मान्छे बसेर, संविधानले नचिनेका व्यक्ति बसेर राष्ट्रपतिको मजाक उडाउने काम भएको छ।' जसमा असभ्यता, कुसंस्कार, अलोकतान्त्रिक अभ्यास भएको उनको भनाई थियो। पटक पटक विभिन्न विषयको विवादमा तानिदाँ पनि सजग नहुने राष्ट्रपति भण्डारी र हरेक कुरामा बचाउ गर्ने अध्यक्ष ओलीको प्रवृत्तिबारे चर्को आलोचना हुँदै आएको छ।

### मन्त्रालयद्वारा...

केडीएन (गृह मन्त्रालय) प्रमाणीकरणको म्याद एक वर्ष थप गरेको र भिसा आउन समय लाग्ने भएकोले म्याद थप गरेको जनाएको छ।

लकडाउनअघि म्यानपावर कम्पनीहरुले ल्याएको मागपत्रको म्याद यसअघि पटक-पटक गरी ९ महिना थपिएको थियो। फागुन २०७६ अघि प्राप्त भएका मागपत्र कार्यान्वयन गर्न गत मंसिर २२ गतेदेखि जेठ ३१ सम्म म्याद थप गरिएको थियो। त्यसपछि पुनः म्याद थप गरिएको थियो।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाबाट भिसा आउन समय लाग्ने भएकोले सरकारले केडीएन (गृह मन्त्रालय) प्रमाणीकरणको म्याद एक वर्ष थप गर्न माग गर्दै आएको थियो। मन्त्रीस्तरीय निर्णयपछि संघले खुसी व्यक्त गर्दै मन्त्री कुँवर र मन्त्रालयका सचिव, विभागका महानिर्देशकसहित उच्च प्रशासनिक नेतृत्वप्रति आभार व्यक्त गरेको छ।

संघले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालको संयुक्त पहल र साझा आग्रहमा मन्त्रीस्तरीय निर्णय हुने वातावरण भएको पनि जनाएको छ।

### पर्याप्त...

मन्त्री श्रेष्ठले संघीय संविधानको संरचनाअनुसारको प्रदेश संरचनाका आधारमा देश अघि बढे पनि विकास सो अनुसार नहुँदा आर्थिक अवस्था दयनीय भएको बताए। विश्वमा द्वन्द्वपछि विकास भएको उदाहरण रहे पनि नेपालमा भने आर्थिक विकासले अपेक्षाअनुसार गति लिन नसकेको भन्दै उनले रेमिट्यान्स सँगै पर्यटन, जलविद्युत्, वनजंगल र जडीबुटीको व्यापार प्रवर्द्धन गरेर अघि बढेमा देशले एक दशकको अवधिमा उच्च प्रतिफल प्राप्ति गर्ने आफ्नो ठहर रहेको मन्त्री श्रेष्ठले बताए।

### बडा...

रहेको नेपाल पञ्चाङ निर्णायक समितिले जनाएको छ। समितिका अनुसार असोज १९ गते १० बजेर ३४ मिनेटमा देवी विसर्जन गर्ने र ११:५१ टिका लगाउँदा उत्तम हुनेछ। उक्त दिन दिनभर नै टिका ग्रहणको लागि उपयुक्त रहेको समितिले जनाएको छ।

जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसहित समृद्धिको प्रतीक पहेँलो जमरा ग्रहण गरिन्छ। घटस्थापनादेखि विजया दशमीसम्मको अवधिलाई नवरात्र पनि भनिन्छ। नवरात्रभर अधिष्ठात्री देवी दुर्गाका नौ रुपको पूजा गरिन्छ। नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ।

बडादशैंको सातौं दिन धार्मिक विधिअनुसार फुलपाती भित्राइन्छ। महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरुले दशैं घर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन्। दशैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ।

# सवारी जाँच कडा पारिदै



**काठमाडौं/मस–** महानगरीय ट्राफिक प्रहरी कार्यालयले चाडपर्वमा हुनसक्ने दुर्घटना कम गर्न उपत्यकाभित्र चल्ने र बाहिरिने सवारीसाधनको जाँचमा कडाइ गर्ने भएको छ। दशैंका लागि सोमबार घटस्थापनादेखि धेरै संख्यामा यात्रु बाहिरिने र सरकारले यात्रुबाहक सवारीसाधनलाई जतासुकै चल्न रुट अनुमति आवश्यक नपर्ने हुँदा जाँच बढाइएको कार्यालयले जनाएको छ। सवारीसाधनलाई छतमा यात्रा गर्न नदिने, सिट क्षमताभन्दा बढी यात्रु राख्न नदिने, चालकले मादक पदार्थ सेवन (मापसे) गरेर चलाएको छ/छैन जाँच गर्ने र सवारीसाधनको अवस्था जाँच गरिने कार्यालयका प्रवक्ता राजेन्द्र भट्टले बताए। उनले भने, 'सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि नाकामा जाँच बढाउन लागिएको छ।'

उपत्यकाबाट बाहिरिने मात्रै नभई उपत्यकाभित्रै चल्ने सवारीसाधनलाई लक्षित गरेर जाँच बढाउन लागिएको कार्यालयले जनाएको छ। उपत्यकामा पनि दशैंमा धेरै सवारीसाधन बाहिरिएर सडक खुकुलो हुँदा चालकले बढी गतिमा चलाउने, मापसे गरेर चलाउने गर्दा दुर्घटनाको सम्भावना बढी हुँदा यो समयमा थप जाँच गर्न लागिएको छ। चाडपर्वका समयमा एकै पटक धेरै सवारीसाधन बाहिरिने हुँदा दुर्घटनाको जोखिम रहेको छ। कार्यालयले उपत्यकामा सवारीसाधन व्यवस्थापन गर्ने र उपत्यकाबाहिर प्रदेशस्तरीय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले गर्छ।

प्रवक्ता भट्टले भने, 'चाडपर्वको समयमा अरु समयभन्दा बढी जनशक्ति घटाएर सवारी जाम हुन नदिन र दुर्घटना हुन नदिन लाग्ने गरिएको छ।' यात्रुको गुनासो सम्बोधनका लागि विभाग, व्यवसायी र ट्राफिक प्रहरी सम्मिलित यात्रु सहायकता कक्षको स्थापना गरिएको छ। त्यो सम्बोधन नहुँदा १०० र १०३ मा पनि सम्पर्क गरेर गुनासो राख्न सकिने उनले बताए।

# उपभोक्तालाई ठगीबाट बचाउन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले उपभोक्तालाई कुनै पनि किसिमको ठगीबाट बचाउन र उनीहरूको अधिकतम हित सुनिश्चित हुने गरी कार्य गर्न सरकारका सरोकारवाला निकायहरूलाई निर्देशन दिएका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार आयोजित कार्यक्रममा उनले मुलुकमा दशैं, तिहार, छठ जस्ता राष्ट्रिय चाडपर्वहरूको चहलपहल शुरु भएसँगै बजारमा कृत्रिमरूपमा हुने मूल्य वृद्धिलाई नियमन र नियन्त्रण गर्न आग्रह गरे। उनले भने, 'अत्यावश्यक उपभोग्य वस्तुको अभाव हुन नदिन तथा उपभोग्य वस्तुहरूमा जथाभावी मिसावट हुन नदिई खाद्य वस्तुहरूको गुणस्तर कायम राख्न सबैले आआफ्नो क्षेत्रमा अनुगमन र सुपरीवेक्षणलाई बढाउनुपर्ने हुन्छ।'

प्रधानमन्त्री देउवाले अस्वाभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्न, अत्यावश्यक वस्तुको सहज र सर्वसुलभ उपलब्धता कायम गर्न, खाद्य वस्तुको स्वच्छता कायम गर्न र वस्तुको गुणस्तर तथा नापतौलमा कुनै मोलाहिजा हुन नदिन सरोकारवाला सबै निकायहरूलाई सक्रियता साथ बजार अनुगमन कार्यमा खटिन निर्देशन दिए। उनले भने, 'बजार अनुगमन गर्दा थोक तथा खुद्रा सबै किसिमका अनुचित व्यापारिक क्रियाकलापलाई प्रत्यक्षरूपमा निगरानी गर्नुपर्ने हुन्छ। यस क्रममा सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुने गरी संयुक्त अनुगमन टोली गठन गरी केन्द्रदेखि स्थानीय तहसम्म परिचालित हुन म सम्बन्धित निकायहरूलाई निर्देश गर्दछु।'

उनले केन्द्रीयस्तरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्त मन्त्रालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालय तथा निकायहरूले पनि बजार अनुगमन कार्यको समन्वय गरी बजारका गतिविधिलाई स्वच्छ र उपभोक्तामैत्री बनाउन विशेष पहलकदमी लिन आवश्यक रहेको बताए।

अहिले इन्धन, खाने तेल, गहुँलगायतका कतिपय खाद्य वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि तथा रुस-युक्रेन युद्धका कारण विश्व आपूर्ति प्रणाली शृङ्खलामा आएको व्यवधानले कतिपय उपभोग्य वस्तुको मूल्य बढेको र उपभोक्ताहरू बढी मारमा परिरहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले त्यसमाथि बजारमा हुने कृत्रिम अभाव, कालोबजारी र अस्वाभाविक मूल्यले सर्वसाधारण जनतालाई थप आहत बनाउने बताए। यस पृष्ठभूमिमा बजार अनुगमनलाई तीव्र बनाउँदै उपभोक्तालाई कुनै पनि किसिमको ठगीबाट बचाउन र उनीहरूको अधिकतम हित सुनिश्चित हुने गरी कार्य गर्न सम्पूर्ण सरोकारवाला निकायहरूलाई उनले आग्रह गरे।

विभिन्न चार मन्त्री र सचिवहरुसहितको उच्चस्तरीय बैठकलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री देउवाले १२ बुँदे निर्देशन दिएका हुन्। बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, अर्थमन्त्री जनार्दन शर्मा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राई, स्वास्थ तथा जनसंख्या मन्त्री भवानीप्रसाद खापुङ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठ, गृहसचिव विनोद सिंह, अर्थसचिव कृष्णहरी पुष्कर, उद्योगसचिव तोयानारायण ज्ञवाली, वाणिज्य तथा आपूर्तिसचिव तोयम राया, काठमाडौं उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारी, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक महेश भट्टराईलगायतका उच्च सरकारी अधिकारीको सहभागिता रहेको थियो।छलफलमा उद्योगमन्त्री बडूले बजार अनुगमनको विद्यमान अवस्थाका बारेमा जानकारी गराउँदै आफू मातहत सबै निकायलाई प्रभावकारी बजार अनुगमनका लागि निर्देशन दिइसकेको बताए।

# मृत अवस्थामा भेटिए चौधरी

**टेकबहादुर पुन/मध्यान्ह**
दाङ, ९ असोज



दाङको लमहीमा एक पुरुष मृत भेटिएका छन्।

जिल्लाको लमही नगरपालिका वडा नम्बर ७ बनघुस्रीमा जनकपुरका अन्दाजी ५० वर्षीय लिलाराम चौधरी मृत फेला परेका हुन्।

आइतबार बेलुका सवा सात बजेको समयमा सडकमा लडिरहेको अवस्थामा उनलाई स्थानीयले देखेर प्रहरीलाई खबर गरेका थिए। घाइतेको प्रकृति हेर्दा दुर्घटनामा परेको हुन सक्ने प्रहरीले जनाएको छ।

उनको खुट्टा र टाउकोमा गहिरो चोट लागेको छ। ठक्कर दिनेको पहिचान हुन नसकेको प्रहरी चौकी सतबरियाका प्रहरी प्रमुख किशन खड्काले जानकारी दिए। उनलाई उपचारका लागि लमही अस्पताल लगेको भएपनि चिकित्सकले मृत घोषणा गरेका थिए। शवलाई पोष्टमार्टमका लागि लमही अस्पतालमा राखिएको छ। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Itahari**
**ROAD DIVISION ILAM**

**Invitation for Bids No: 04-079-80**

**Date of first publication: 2079/06/10 (26/09/2022)**

1. Road Division Ilam invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimated Amount Without VAT (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Bid document Fee NRs. |
|---|---|---|---|---|---|
| RDILAM/ 337310113/ 079/80/19 | Recurrent Maintenance Along Mechi Highway(Chihandada-Fikkal Section) | 1,769,275.19 | 55,000.00 | 75 days | 1,000.00 |
| RDILAM/ 337310113/ 079/80/20 | Rehabilitation Works Along Mechi Highway (Maikhola Section) | 1,761,889.29 | 55,000.00 | 75 days | 1,000.00 |

2. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Revenue a/c No. | 00101000000001001001 | Office code | 337010301 |
| | | | | Revenue Heading No. | 14229 | Bank | Nepal Bank Ltd, Ilam |
| Date | Time | Date | Time | Name of Office | Financial Comptroller General Office | | |
| 2079/06/25 | 12:00 | 2079/06/25 | 13:00 | Deposit A/c No. | 04001000002003000001 | Office code | 337010301 |
| | | | | Name of Office | District Treasury Controller Office, Ilam | | |
| | | | | Bank | Nepal Bank Ltd, Ilam | | |

- Eligible Bidders may obtain further information at Road Division Ilam (Tel: 027-520049, email:droilam72@gmail.com or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

# २४ हजार बढीमा डेंगु संक्रमण



**काठमाडौं/मस–** नेपालमा पछिल्लो समय डेंगु संक्रमणको संख्या बढ्दै गएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा डेंगुका कारण एक हजार पाँच सयभन्दा बढी संक्रमित थपिएका छन्।

मन्त्रालयका अनुसार, आइतबार साँझसम्म २४ हजार ४९२ जनामा डेंगु पुष्टि भएको छ। शनिबारसम्म २२ हजार ९८८ जनामा डेंगु संक्रमण भएको थियो। अहिलेसम्म डेंगु संक्रमणका कारण २९ जनाको मृत्यु भएको छ।

मन्त्रालयको अनुसार अहिलेसम्म सबैभन्दा बागमती प्रदेशमा १९ हजारमा डेंगु संक्रमण भएको छ।

त्यसैगरी, लुम्बिनी प्रदेशमा दुई हजार ८७२, सुदूरपश्चिममा ७७७, प्रदेश १ मा ७५३, गण्डकीमा ५३७, मधेशमा ३२३ र कर्णालीमा २३० जनामा डेंगु संक्रमण भएको छ।

नेपालमा एडिज प्रजातिको लामखुट्टेबाट सर्ने डेंगु नेपालमा पहिलो पटक २०६१ मा डेंगुका बिरामी देखिएका थिए।

हालसम्म देशभरका ७६ जिल्लामा डेंगु संक्रमण फैलिएकाले यसलाई 'प्रकोप' घोषणा गर्ने तयारी गरेको छ।

डेंगु नियन्त्रणका लागि विशेष ध्यान दिन आग्रह

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले मुलुकमा डेंगु महामारीको रुपमा फैलिएको बताउँदै यसको प्रभावकारी नियन्त्रणमा सरकारले विशेष ध्यान दिनु पर्ने बताएका छन्। आइतबार काठमाडौं आयोजित रत्नराज्य माध्यमिक विद्यालयको विज्ञान प्रयोगशाला हस्तान्तरण कार्यक्रममा बोल्दै नेता सिंहले उक्त कुरा बताएका हुन्। उनले स्थानीय सरकारलाई समेत जिम्मेवार र गम्भीर भएर लाग्न आग्रह गरे। फरक प्रसंगमा बोल्दै नेता सिंहले मुलुकमा संकटको निकासका लागि कांग्रेस अवसर पाउँदा जिम्मेवारी बहन गरेको दाबी गरे। आगामी निर्वाचनमा कांग्रेसलाई विजयी गराएमा राजनीतिक स्थायित्व आउने समेत उनले आग्रह गरे।

अवसर पाउँदा कसले कुन दलले के गरेको छ? त्यसको लेखाजोखा जनताले गर्नु पर्ने बताए। उनले कांग्रेसले अवसर पाएमा जनताललाई अनुभूत हुने गरि काम गरेर देखाउने दाबी गरे। असल साशन, भ्रष्टाचारमुक्त शासन प्रणाली कांग्रेसको प्राथमिकता रहेको समेत बताए।

घट्दो कोरोना संक्रमण

देशभर पछिल्लो २४ घण्टामा थप ५१ जनामा कोभिड संक्रमण पुष्टि भएको छ। यस अवधिमा तीन हजार २४ जनाको नमूना परीक्षण गरिएको थियो।

एक हजार दुई सय छ जनाले पिसीआर र एक हजार आठ सय १८ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

आइतबार एक सय संक्रमित कोरोना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार तीन सय ३५ पुगेको छ। संक्रमणमुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय संक्रमितको संख्या एक हजार दुई सय २३ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १७ पुगेको छ। होम आइसोलेशनमा एक हजार एक सय ७४, संस्थागत आइसोलेशन ४९ र आइसियूमा ११ जना संक्रमित रहेका छन्।

हाल देशभरमा दुई सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौं रहेको छ। शून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, रामेछाप, सिन्धुली, मनाङ, मुस्ताङ, म्याग्दी, हुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु र दार्चुला रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा चार सय ९६, ललितपुरमा एक सय ७८ र भक्तपुरमा २१ सक्रिय सङ्क्रमित रहेका छन्। कूलमा संक्रमण दर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

# नवजात शिशुको शव फेला

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ९ असोज



सिरहामा नवजात शिशुको शव नालामा फेला परेको छ। जिल्लाको गोलबजार नगरपालिका -६ स्थित नालामा सालनालसहितको नवजात शिशुको शव फेला परेको प्रहरीले जनाएको छ। महिना पुगिसकेको जस्तो देखिने सालनालसहितको शिशु (छोरा)को शव नालामा फेला परेको थियो।

आइतबार बिहान नालामा स्थानीयले शिशुको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल लहानमा पठाइएको ईलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ।


## कतारमा रोजगारको अवसर

१. कम्पनी: Shafayaet International Trading & Contracting Services — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८३५४ — LT. No.: 272566

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forman | 6 | 0 | | 2500 | ८८,४५० | | | | | | | |
| 3. | General Supervisior | 4 | 0 | | 2500 | ८८,४५० | | | | | | | |
| 4. | Representative | 2 | 0 | | 2200 | ७७,८३६ | | | | | | | |
| 5. | Supervisor | 1 | 0 | | 2500 | ८८,४५० | | | | | | | |

२. कम्पनी: Al Duhail Resort Touristic — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८३५४ — LT. No.: 272526

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL CLEAN WORKER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2500 | ८८,४५० | | | | | | | |

३. कम्पनी: Falcon Samsic Security Service — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८३५५ — LT. No.: 272565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GUARD | 50 | 0 | स. काममा दक्ष | 1500 | ५३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज २३ गते (9 Oct. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com


# भ्रष्टाचार अभियोगमा दुई जनाविरुद्ध मुद्दा



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई जनाविरुद्ध सार्वजनिक सम्पत्ति हानीनोक्सानी गरी भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले धनुषाको साविक चक्कर गाविसका सचिव रामरतन मण्डलसहित २ जना विरुद्ध मुद्दा दायर गरेको हो।

साविक चक्कर गाविसका विभिन्न वडाका सडकमा माटो पुर्ने र ग्राभेलको काम गर्न गराउन उपभोक्ता समिति गठन गरेको तर त्यसका लागि कुनै पनि रकम विनियोजन नभएको अवस्थामा तत्कालीन सचिव केवटले रञ्जित साहसँगको मिलेमतोमा गैरकानुनीरुपमा नौ लाख ७६ हजार नौ सय बराबरको भ्रष्टाचार गरेको पाइएको आयोगले जनाएको छ।

आयोगले सरकारी स्रोतबाट प्राप्त रकमको गैरकानूनीरुपमा दुरुपयोग गरेको अभियोगमा बिगोबमोजिमको कारवाहीको माग गर्दै मुद्दा दायर गरेको प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।

# निर्वाचनमा सेना परिचालन गर्न स्वीकृति



**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेना परिचालन गर्न स्वीकृति दिएकी छिन्।

राष्ट्रपति भण्डारीले 'एकीकृत सुरक्षा कार्ययोजना, २०७९' मा उल्लेख भएअनुसार सुरक्षा निकायहरूबीच एकीकृत तथा समन्वयात्मकरूपमा सुरक्षा प्रदान गर्ने कामका लागि राष्ट्रिय सुरक्षा परिषद्को गत भदौ १७ गतेको बैठकको सिफारिसका आधारमा मन्त्रिपरिषद्को भदौ २७ को निर्णय तथा प्रधानमन्त्री शेरबहादुर देउवाको भदौ २७ को पत्रबमोजिम निर्वाचन कार्यमा नेपाली सेना परिचालन गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम स्वीकृति प्रदान गरेकी राष्ट्रपतिको कार्यालयले जनाएको छ।

**दुई विधेयक प्रमाणीकरण**

राष्ट्रपति भण्डारीले संघीय संसद्को दुवै सदनबाट पारित भई प्रमाणीकरणको लागि पेश हुन आएका दुई विधेयक प्रमाणीकरण गरेकी छिन्। राष्ट्रपति भण्डारीले सहरी क्षेत्र एकीकृत सार्वजनिक यातायात व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कारागारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरेकी हुन्।


## कतारमा रोजगार अवसर

कम्पनी: Step Up Trading WLL — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८३५७ — LT. No.:272534

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Decoration Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL CLEAN WORKER | 1 | 0 | | 1000 | ३५,३८० | | | | | | | |
| 3. | GYPSUM TECHNICIAN | 2 | 0 | | 1200 | ४२,४५६ | | | | | | | |
| 4. | LABOUR | 2 | 0 | | 1000 | ३५,३८० | | | | | | | |
| 5. | LABOUR SERVICES | 2 | 0 | | 1000 | ३५,३८० | | | | | | | |
| 6. | Messengers | 1 | 0 | | 1100 | ३८,९१८ | | | | | | | |
| 7. | Technician | 1 | 0 | | 1100 | ३८,९१८ | | | | | | | |
| 8. | Upholster | 1 | 0 | | 1100 | ३८,९१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 Oct. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०, ९८१६९३५५३२
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np


# निर्वाचन खर्चको विवरण सार्वजनिक गरिने

**काठमाडौं/मस–** राष्ट्रिय सूचना अयोगले आगामी मंसिर ४ गते हुने संघ र प्रदेश निर्वाचन सम्पन्न भएपश्चात कानून बमोजिम उम्मेदवारले पेस गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने जनाएको छ। आयोगले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा निर्वाचनका लागि उम्मेदवारले पेस गर्ने मनोनयन पत्र तथा संलग्न कागजात सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने निर्णय गरिएको जनाएको हो।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरिएको छ। 'आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई निष्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन आवश्यकताका आधारमा निर्वाचन आयोगमा सुझाव पठाउने निर्णय गरिएको छ', सूचना आयुक्त कमला वलीले भनिन्। त्यसैगरी आयोगले सूचनाको सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२८, सेप्टेम्बर) विभिन्न कार्यक्रम गरी मनाउने भएको पनि जानकारी दिएको छ।

# बौधिमाई नगरपालिकाको गाडी विद्यार्थीद्वारा तोडफोड



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ असोज

रौतहटको बौधिमाई नगरपालिकाको कार्यालय र मेयर प्रदीप यादव चढ्ने गाडी विद्यार्थीहरुले तोडफोड गरेका छन्। आइतबार नगरपालिकाको वडा नं. ८ सरमुजवा अन्तर्गतका शंकर माविका विद्यार्थीहरुले नगरपालिका र मेयर यादव चढ्ने गाड़ीमा तोडफोड गरेका हुन्। विद्यार्थीहरुको समूहले आफूहरुले बारम्बार शैक्षिक भ्रमणको लागि बजेट छुट्याउन माग गरेपनि नगर प्रमुख प्रदीप यादवले अटेर गरेको भन्दै तोडफोड गरेको जनाइएको छ।

आक्रोशित विद्यार्थीहरुको समूहले नगरपालिकामा राखिएको नगर प्रमुख यादव चढ्ने ना १ झ १६९३ नम्बरको सरकारी गाडीसमेत क्षतिग्रस्त बनाएका छन्।

विद्यार्थीहरु भ्रमण खर्च माग्न आएकोमा डेंगुको प्रकोप फैलिरहेकोले अहिले भ्रमणमा नजान र केही दिनपछि बजेट उपलब्ध गराइदिने भन्दा पनि सो समूहले कार्यालयमा तोडफोड गरेको नगरप्रमुख यादवले बताए। आक्रमणबाट नगरपालिका परिसर भित्र रहेका मोटरसाइकल, मेयर चढ्ने गाडी, सिसीटिभि, सेफ्टी ट्याङ्की, फर्निचर र विद्युतीय उपकरण लगायतमा तोडफोड गरिएको नगरप्रमुख प्रदिप यादवले जानकारी दिए। प्रहरीले अवस्था नियन्त्रणमा लिनका लागि ९ राउन्ड अश्रु ग्याँस तथा ३ राउन्ड हवाइ फायर गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी गराएको छ। आक्रमणबाट चार जना प्रहरी लगायत केही विद्यार्थीहरु पनि घाइते भएका छन्। उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। राजनीतिक दलद्वारा परिचालित विद्यार्थीको नाममा अज्ञात समुहद्वारा आफू माथि संघात्मक हमला गरेको मेयर यादवले बताएका छन्। अहिले अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।


## कतारमा रोजगार

कम्पनी: SARKAR TRADING CONTRACTING CLEANING & SERVICES W.L.L — शहर: Doha
पूर्व स्वीकृत मिति: २०७९/०६/०९ — चलानी नं.: ६०१८८३५१ — L.T. No.: 272574

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३५,३८० | | | | | | | |
| 3. | Mason | 1 | 0 | | 1200 | ४२,४५६ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1200 | ४२,४५६ | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2500 | ८८,४५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com


# 'मैले जति कर्णाली अरूले बुझेका छैनन्'

**सुर्खेत/मस–** कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले जनताको मर्का आफूले मात्रै बुझेको बताएका दाबी गरेका छन्। सीधा कुरा मुख्यामन्त्रीसँगको कुराकानीमा उनले बा-आमाले घोडा पालेर कमाएको पैसाले विदेशमा पढेर आएको व्यक्ति भएकाले आफूले जति कर्णालीको बारेमा अरुले नबुझेको बताएका हुन्।

कार्यक्रममा सहभागीले उठाएका प्रश्नको उत्तर दिने क्रम्मा मुख्यमन्त्री शाहीले आफू मुख्यमन्त्री भएपछि समय, सुशासन लगाएतका कुरामा पुरा काम गरेको बताए। नौ जिल्लामा केही निर्माण हुनु नपर्ने तर सुर्खेतमा मात्र सबै कुरा निर्माण हुनुपर्ने जस्ता माग आउने गरेको बताए। उनले भने- सबै ठाउँमा सुविधायुक्त स्वास्थ्य संस्थादेखि अन्य सुविधा हुनुपर्छ।

सहभागी दिपेन्द्र बिसीले प्रदेशको औचित्य छैन किन भन्नु भयो ? भन्ने प्रश्नको जवाफमा शाहीले कर्णालीमा को सरुवा हुन्छ ?, को आउँछ ?, अनि को जान्छ ? थाहा नै हुँदैन यसकारण मैले प्रदेशको छैन भनेको हुँ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०६/१०**

**टि्वलाईट ओभर्सिज प्रा.लि.**को मिति २०७९/०४/२६ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्राण्ड पर्ल इन्टरनेशनल प्रा.लि. (प्रा. लि.नं.: २९१०३४)**कायम गर्ने गरी मिति २०७९/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## मध्यविन्दु नगर अस्पताल
## मध्यविन्दु नगरपालिका
नवलपरासी (ब.सु.पु)

### सिलबन्दी दरभाउपत्र पशे गर्ने बारे सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०६/१०**

यस मध्यविन्दु नगर अस्पताल चोरमाराको लागि आ.व. २०७९/०८० को लागि आवश्यक पर्ने औषधि, केमिकल सर्जिकल तथा अन्य सामग्री खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यवसायीहरुले आइटम वाइज प्रति युनिट दर रेट कायम गरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा दर रेट पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्रसँग संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**
१. इजाजतपत्र र नवीकरण सहित
२. कर चुक्ताको प्रमाणपत्र
३. इजाजत प्रमाणपत्र भएको व्यक्तिको नागरिकता प्रतिलिपि

**नोट :-**
१. विशेष जानकारीका लागि मध्यविन्दु नगर अस्पताल चोरमारामा सम्पर्क गर्न हुन अनुरोध छ।
२. दररेट कायम गरिनुपर्ने औषधि, केमिकल, सर्जिकल तथा अन्य औषधिजन्य औषधि सामग्रीको विवरण फारम वापत रु १०००।- संस्थामा बुझाउनुपर्ने।
३. यसको टेण्डर मिति २०७९/०६/२६ गते दिउँसो १:०० बजे खोलिने छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० असोज २०७९, सोमबार
26 September 2022, Monday

## सम्पादकीय

# नबदलिएको मनोविज्ञान र आकांक्षीहरुको भीड

शीर्ष नेताहरूको निवासमा केही समय यता सांसद बन्न चाहने आकांक्षीहरूको भीड देखिएको छ । सत्तारूढ गठबन्धनमा मात्रै नभएर प्रमुख विपक्षी दल नेकपा एमालेका शीर्ष नेताहरूको निवासमा पनि शीर्ष नेताहरूको भीड छ । चुनाव जित्ने संभावना सत्तारूढका उम्मेद्वारलाई तुलनात्मक सजिलो रहेको अनुमान छ । त्यसैले गठबन्धनका नेताहरूको निवासमा भीड देखिनु स्वभाविक हो । तर २०७४ को नजीरले पनि गठबन्धनकै उम्मेद्वारलाई चुनाव जित्न सजिलो छ । त्यसबेला ठूला कम्युनिष्ट पार्टीहरू नेकपा एमाले र माओवादी केन्द्रबीच गठबन्धन भएको थियो । गठबन्धनबाट उम्मेद्वार बन्दा एमालेबाट ८० र माओवादीबाट ३६ जनाले जितेका थिए । १६५ मध्ये ७० प्रतिशत सिट वाम गठबन्धनले जितेको थियो । तराई मधेशमा तत्कालीन समाजवादी पार्टी, नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) बीच तालमेल भएकाले नेपाली कांग्रेसले २३ सिट मात्रै जितेको थियो ।

यसपटक एमालेको नतिजा त्यसबेलाको कांग्रेससँग गरिदैछ । तर पनि एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा टिकट माग्नेको भीड छ । त्यसपछि महासचिव शंकर पोखरेल लगायत नेताहरूसँग टिकट माग्नेहरूको धेरै देखिन्छन् । प्रत्यक्षतर्फ भन्दा पहिले समानुपातिक तर्फको सिट टुंग्याइदैछ । त्यसैले समानुपातिक तर्फ सूचीमा पर्न ठूलै होडबाजी चलिरहेको छ । यसपटक अघिल्लो पटक नदेखिएको उत्साह स्वतन्त्रतर्फ पनि देखिएको छ । काठमाडौं महानगरपालिकामा बालेन्द्र शाह, धरान उपमहानगर पालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगरपालिकामा गोपाल हमालले स्वतन्त्र उम्मेद्वारी दिएर पनि जितेपछि स्वतन्त्रतर्फ उम्मेद्वार बन्न चाहनेको भीड नै देखिएको छ ।

माथि बर्णन गरिएका विवरणले लोकतन्त्र नै मजबुत बन्दै गएको प्रमाणित गर्छ । किनकि जनप्रतिनिधि बन्न उत्सुक धेरै देखिनुको अर्थ लोकतन्त्र बलियो हुनु नै हो । तर जनप्रतिनिधि बन्नुको अर्थ सेवा भन्दा पनि शासनको मोहबाट बढी उत्प्रेरित देखिन्छ । एकपटक चुनाव जितेपछि राज्यको स्रोतसाधन दुरूपयोगको वैधता पाउने पुरानो भाष्यले निरन्तरता पाउदै आएको छ । सांसद र मन्त्री हुनु भनेको लोकतन्त्रमा शासन सत्ता सञ्चालनको अवसर मानिन्छ, तर त्यसरी पाएको अवसर जनताको सेवाका निम्ति हुनुपर्ने हो । त्यसो नभएर जनतामाथि शासनकै मनोविज्ञान देखिनु र त्यसैका लागि टिकट माग्नेहरूले मरिहत्ते गरेको देखिन्छ । यस्तो प्रवृत्ति लोकतन्त्रकै निम्ति घातक छ । त्यसैले टिकट लिन हत्ते गरिरहेकाले सवैभन्दा पहिलो मनोविज्ञान बदल्न जरूरी छ, बाँकी त लोकतान्त्रिक अभ्यास हो । जनप्रतिनिधि बन्न सक्ने कि नसक्ने भन्ने कुरा जनताको मन जितेरै प्रमाणित गर्नुपर्नेछ ।

# नागरिक, नागरिकता र देश


*राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकको सन्दर्भमा चालेको कदम संविधान सम्मत छ वा छैन एउटा बहसको विषय भए पनि उनको कदम राष्ट्रहितमा भएकोमा दुविधा छैन । अहिले नेपालीको माग नागरिकता बाँड्न विधेयक होइन, यसअघि मनपरी बाँडिएका नागरिकताको छानबिन र त्यसउपर कारबाही हो ।*

**अग्रलेख**



● मेघराज भट्टराई

नागरिक नभएको देश हुँदैन । संसारको तथ्य हेर्ने हो भने भूगोल नभएको नागरिक पनि हुँदैन । तर, साम्राज्यवादी नीतिले आज भूगोल गुमेका करोडौं नागरिक छन । उनीहरु आज विश्वका प्राय: सबै देशबाट अमेरिका, यूरोप, अस्ट्रेलिया, क्यानडा मात्र नभएर नेपालमा पनि शरणार्थी बनेर बसेका छन् । हामी नेपाली आफ्नो देश, घर, परिवार, जन्म थलो (साल नाल गाडेको ठाउँ) छोडेर विकसित देशको नागरिक बनेर नेपाली नागरिकता छोडेर पलायन भइरहेका छौं । पंक्तिकारलाई वि.सं. २०७२ सालको भूकम्पको समय काठमाडौं कपनस्थित खुल्ला ठाउँमा पाकिस्तानी नागरिक बिगत ११ वर्षदेखि बसेको कुरा त्यो बेला गर्थ्यो । मुलतान कराची पेशावरबाट सयौं पाकिस्तानी नागरिक नेपाल आएर यतै बसेका छन् । सायद आज पनि उनीहरु त्यहीँ होलान् । सन् १९८८ मा भूटानबाट लखेटिएका एक लाख नेपाली भाषी भुटानी नागरिक आफ्नो देश नभएका नागरिक हुन् । सिरिया, लिबिया, अफगानिस्तान, इराक, म्यानमार आदि देशबाट दैनिक आफ्नो पहिचान बोकेको ठाउँ सदाको लागि छोडेर पलायन हुने गरेको घटना सञ्चार माध्यमबाट जानकारी हुन्छ । फेरि हामी नेपाली केही गरौं भनेर दैनिक चार हजारसम्म वैदेशिक रोजगारिको नाममा या अध्यनको नाममा विदेशीन्छौ । कती फर्किन्छौं कती उतै पलाएन हन्छौं । तर, यो सबै समस्याको पछाडिको कारण के हो ? हामी त्यता तिर ध्यान दिँदैनौं । नेपालमा जसरी भुटानी, पाकिस्तानी, म्यानमारीलगायत छन् उनीहरुको पीडालाई बुझ्दैनौं । नागरिक नभएको देश या देश नभएको नागरिकको पीडा नेपालीले भोग्न नपरोस् । जसको लागि समयमै सोंच्नुको विकल्प भने छैन ।



जब आफ्नो देशको राज्य व्यवस्था ठीक छैन भने नागरिकहरु त्यो देश छोड्न बाध्य हुन्छन् । जस्तो की अफगानिस्तानको घटना नै हेरौं । हिजो अमेरिका र रसियनको लडाइँबाट अफगानिस्तानमा लाखौं नागरिक देश छाड्न बाध्य भए भने अहिले फेरी कट्टर तालिम सरकारको रवैयाका कारण धेरै नागरिक आफ्नै देश अफगानिस्तानमा बस्न सक्ने अवस्थामा छैनन् । पाकिस्तानबाट आएका प्रस्तुन भाषी नागरिकको दमन थिचो मिचोबाट प्रस्चियान भाषी पलाएन भए हजार जाती पलाएन भए । उज्बेक भाषी नागरिक पलाएन भए । बर्माबाट रोहिंग्या मुसलमान किन पलाएन भए त्यसको अन्तरनिहित घटना फरक होला । तर, नागरिक त्यो देशबाट पलाएन हुन बाध्य त गरियो नि । ठीक यस्तै, पाकिस्तानी चरमपन्थी प्रस्तुनकै कारण पञ्जाबी भाषी मुसलमान पनि आफ्नो देश छोड्न बाध्य भए । पहिलो कुरा त पञ्जाबी मुसलमान नै थिएनन् । तर, धर्म बदले पछि पनि बसी खान नदिए पछि जायजेथा सबै त्यागेर शरणार्थी जीवन बिताउन बाध्य भए । आज मुस्लिम देशहरु पाकिस्तान र अफगानिस्तानमा हिन्दु अल्पसंख्यकको अवस्था निकै दयनीय छ । अर्कोतिर शरणार्थी बन्न गएर त्यही देश कब्जा गरेका उदाहरण पनि छन् । भारतले फिजीमा आफ्नो नागरिकको बहुमत पुर्‍याएर आदिवासीलाई सत्ताबाट पाखा पन्छायो । यता, सिक्किमको अवस्था पनि उस्तै हो । भारत पक्षधर सांसदहरुको बहुमत पुर्‍याएर सिक्किमनै भारतले आफ्नो देशभित्र पारेको छ । तर, यस्ता घटनाप्रति हामी नेपालीले भने चासो दिँदैनौं । हामीले

> *आज नेपालभित्र आफ्नो देशका जनतालाई भगाउने र विदेशीलाई भित्र्याउने शैलीमा नागरिकता बाँड्ने गरिएको छ । यसरी नागरिकता बाँडिन्छ भने, त्यो देश निकट भबिष्य कस्तो होला ? बुझ्न असहज छैन । नेपाल आफ्नो अस्तित्व समाप्ति तीर जाँदैछ भन्नेमा दुविधा छैन । हामी नजिकैका कश्मीर, सिक्किम, फिजी अनि भूटानको अवस्था हेर्न सक्छौं ।*

त्यस्ता घटनाप्रति पूर्ण वेवास्ता गर्दछौं । जसको कारण नै आजको राजनीतिक, सामाजिक र आर्थिक अवस्था हो ।

आज नेपालीहरु आफ्नो भविष्य आफ्नो देशमा देख्न छोडी सकेका छौं । यो प्राकृतिक सम्पदाले भरिपूर्ण देश नेपाली जनता युवा वर्गलाई घाँडो साबित भएर नै विदेश पलायन हुने अवस्था आएको छ । तर, बाह्य शक्तिको लागि यो देश स्वर्ग छ । छिमेकी देश भारत यसलाई आफ्नै निकै महत्वपूर्ण हिस्साको रुपमा बुझ्दछ । उसले नेपालको प्राकृतिक स्रोत साधनमाथि आँखा लगाएर बसेको छ । भारत नेपालको प्राकृतिक स्रोतलाई आफ्नो अनुकुलमा प्रयोग गर्न पाए विश्वको थप शक्तिशाली भइन्छ भन्ने सोंचमा छ । देशभित्रका नदीनालामा जसरी भारतले कब्जा गरेको छ, हामी त्यति उदाहरण केलाएर हेर्‍यौं भने मात्रै पनि देशको अवस्था थाहा पाउँछौं ।

आज देशको शिक्षा लङ्गडो छ । स्वास्थ्य माफियाको हातमा छ । जनताले न रोजगारी पाउँछन् न त सीप सिक्न नै पाउँछन् । हाम्रो सार्वजनिक शिक्षाले हामीलाई रोजगार बन्न सिकाउँदैन । मजदूरी गर्दा खान पुग्दैन । राज्य विदेशीको लागि रजाइँ गर्ने क्षेत्र बनेको छ । कृषि विदेशीको हातमा छ । मल छैन, बीउ छैन, कीटनाशक औषधी छैन, सिंचाई छैन, प्रविधि छैन । यदी जेनतेन उत्पादन गरेमा भारतबाट हाम्रो उत्पादित भन्दा सस्तोमा आयात हुन्छ । जब उताबाट आउने कुराको लागत नेपालमा उत्पादन गर्दा लाग्नेभन्दा महँगो पर्छ भने किसानले मर्नु या विदेश जानु भन्दा अरु विकल्प पाउँदैनन् ।

आज नेपालभित्र आफ्नो देशका जनतालाई भगाउने र विदेशीलाई भित्र्याउने शैलीमा नागरिकता बाँड्ने गरिएको छ । यसरी नागरिकता बाँडिन्छ भने, त्यो देश निकट भबिष्य कस्तो होला ? बुझ्न असहज छैन । नेपाल आफ्नो अस्तित्व समाप्ति तीर जाँदैछ भन्नेमा दुविधा छैन । हामी नजिकैका कश्मीर, सिक्किम, फिजी अनि भूटानको अवस्था हेर्न सक्छौं । आयातितको भारमार कै कारण स्थानीय अल्पमतमा परेर आयातितसँग हाल फैलाउन भीख मागे झैँ अधिकार माग्नुपर्ने अवस्था आउँदैन भन्न सकिन्न । किनकी सिक्किम, फिजी अनि भुटानमा रहेका जनताको अवस्था के छ हामीले सहजै बुझ्न सक्छौं ।

आज जे-जसरी नागरिकता विधेयक ल्याएर नागरिकता बाँड्ने प्रयास गरिएको छ यसले सहजै बताउँछ हामी निकै समस्यातर्फ उन्मुख छौं । आफ्नै देशका नागरिकको व्यवस्थापन गर्न नसकेका हामीले तेस्रो मुलुकबाट आएका नागरिकलाई कसरी व्यवस्थापन गर्न व्यवस्थापन गर्न सक्छौं । जब व्यवस्थापन ठीक हुँदैन त्यहाँ अपराध बढेर जान्छ र राज्य नै कोल्याप्स हुने अवस्था पनि आउँछ । युगोस्लोविया भन्ने देश कोल्याप्स भएको धेरै भएको छैन । छिमेकी देश आफ्नो नागरिकताको विषयमा गम्भीर छन् । खुल्ला सीमाना छ, संसार कै धेरै नागरिक छन् । त्यहाँ डरलाग्दो भोकमरी छ, डरलाग्दो बेरोजगारी छ, बेथितिको अवस्था पनि उस्तै छ । अरु त अरु प्राकृतिक हिसाबले पनि पिछडिएको धेरै भूगोल कहिले पानीले डुब्छ त कहिले पानी नपाएर संकट पुग्छ । यदी हामीले नेपालमा सहजै नागरिकताको व्यवस्था गर्‍यौं भने बिहारी भारतीले लाइन लागेर आउने अवस्था हुन्छ । आज जसरी तराई क्षेत्रमा अनौठो गरि जनसंख्या बढेको छ, त्यसले पनि बताउँछ यसअघि के-कसरी नागरिकता बाँडिएको थियो । त्यसैले त्यस्तो अवस्थामा नेपालभित्रै भारतीयको बहुमत पुग्ने अवस्था हुनसक्छ । अब पनि नागरिकता बाँड्न रोकेनौ भने हामी अल्पमतमा पर्ने छौं । भोली नेपालीको अस्तित्व नै सकिने छ । राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकको सन्दर्भमा चालेको कदम संविधान सम्मत छ वा छैन एउटा बहसको विषय भए पनि उनको कदम राष्ट्रहितमा भएकोमा दुविधा छैन । अहिले नेपालीको माग नागरिकता बाँड्न विधेयक होइन, यसअघि मनपरी बाँडिएका नागरिकताको छानबिन र त्यसउपर कारबाही हो ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

चीनमा 'कु' भएको होला वा नहोला तर, सिको संविधान संशोधन गरी तेस्रो पटक राष्ट्रपति हुने प्रयास भने गलत थिए । त्यसले कुनै न कुनै अशुभ प्रतिक्रिया निम्त्याउनु स्वभाविक थियो । एकदलीय कम्युनिस्ट प्रणालीमा कु कुनै ठुलो कुरा हैन, जहाँ सत्ता हस्तान्तरणको विधि हुँदैन, त्यस्तो हुनसक्छ ।



**- सुर्यराज आचार्य**

घोषणा पत्र लेख्ने 'सिजन' चल्दैछ । सबै दलका घोप एकसरो सर्रर पढ्नै पर्ला । 'के गर्छौं ?' भन्ने कुराको हावादारी लिस्टको त मतलब हुने भएन । परिणाम पनि निस्कने गरि "कसरी गर्छौं ?" भन्ने विश्वसनीय टिपोट कुनै दलको रैछ भने पढम्ला, छलफलमा पनि ल्याम्ला । ताउरमाउर त ठूलै छ । हेरम् घोप कस्तो आउँच !



**- विनोद न्यौपाने**

चोलेन्द्र श्रीमान् नजर बन्द तिर नै छन् कि नजर बन्द खुल्यो सरकार ? यिनका दैनिकीदेखि, खाने पानी टिनिक्क पारेर लोकतन्त्र चखाउनु पर्छ है ! गठबन्धन सरकार, हिजो पञ्चायतले कुटेर लोमुते गोरू बनाएको याद छ कि नाइँ ? जिब्रो डामेको याद छ कि नाइँ ?



**- कृष्ण घिमिरे**

चिकित्सक लाइसेन्स परीक्षामा ५८% फेल हुन्छन् । विशेषज्ञ चिकित्सकको लाइसेन्स परीक्षामा ५०% पनि पास हुँदैनन् । स्वास्थ्य व्यवशायी परिषदका परिणाम झन लज्जस्पद छन् । केसीलगायत सब जना शहरै पिच्छे मेडिकल कलेज स्थापनाको पैरवि गर्छन् । मेडिकल शिक्षाको समस्टिगत गुणस्तरको चासो कसैलाई छैन ।



**- शान्ताराज सुवेदी**

डा. गोविन्द केसी र सरकारबीच सम्झौता भएछ खुसी लाग्यो । तर, यसअघि पनि पटक–पटक सम्झौता गर्ने तर, पूर्णरूपमा कार्यान्वयन भने नगर्ने सरकारको परम्परागत शैलीको परिणाम नै २० औं अनशन थियो । अहिलेको सम्झौता पूर्णरूपमा कार्यान्वयन होस् र पुनः २१ औँ पटक अनशन बस्नुपर्ने अवस्था नआओस् शुभकामना !

# प्रविधिको लत

**विचार**



● सुमित्रा भूर्तेल

समाज परिवर्तनशील छ । परितर्वत स्वभाविक पनि हो । परिवर्तन हुँदै विकासको मुहार फेर्न जरुरी पनि छ । तर, समाज विकासको नाममा पुरानो परम्परा, रितिरिवाज, सांस्कृतिक सहिष्णूता र मेलमिलापलाई भुलेर अगाडि बढ्नु भनेको नयाँ पुस्तालाई त्यसबारे अनभिज्ञ बनाउनु हो । पहिला-पहिलाका आमा, हजुरआमा, बुढी हजुरआमाहरुले जसरी मेलापात, अर्म-पर्म, सामान साटासाट गनुहुन्थ्यो । ती कुराहरु अहिलेका बालबालिकाले देख्न र भोग्नबाट बञ्चित छन् । घरमा कोही बिरामी भएर छिमेकीको सहयोग मागेर अस्पताल गएको/लगेको, घरमा पाहुना आउँदा चियाका लागि चिनी सकिँदा दौडिँदै छिमेकीबाट ल्याएर काम चलाउनेलगायतका चलनले पनि छिमेकको महत्व बढी हुन्थ्यो ।

आज बालबालिकाहरु बढी प्रविधि चलाउने गर्छन् । उनीहरु प्रविधिमा के सिक्नेभन्दा पनि रमाइलोसँगै अनावश्यक कुरामा घोत्लिने र समय बिताउने गरेका छन् । अभिभावकहरु सामाजिक सञ्जालमा दिनरात बिताउने, बजारिया खाना-खाजामा दिन टार्ने चलन बढेको छ । यस्तै हामी ज्यादा आत्ममूखी, असामाजिक त बन्दै गइरहेका छैनौं ? विकास र समृद्धिको नाममा आजका अभिभावकसँगै बालबालिकामा प्रविधिको प्रभाव बढेको पाइन्छ । परिवार, आफन्त, साथीभाई, घरको खाना, आफ्ना मिल्ने साथीभन्दा पनि बढी प्रविधिलाई प्राथमिकता दिने गरेको पाइन्छ ।

२०/२५ वर्ष पहिलेका बालबालिका ढिँडो कसरी ओडाल्ने आमा भनेर सोध्ने र गर्थे । आजका बालबालिकालाई ढिँडो ओडाल्ने कुरा त के ढिँडो

> *हामी ज्यादा आत्ममूखी, असामाजिक त बन्दै गइरहेका छैनौं ? विकास र समृद्धिको नाममा आजका अभिभावकसँगै बालबालिकामा प्रविधिको प्रभाव बढेको पाइन्छ । परिवार, आफन्त, साथीभाई, घरको खाना, आफ्ना मिल्ने साथीभन्दा पनि बढी प्रविधिलाई प्राथमिकता दिने गरेको पाइन्छ ।*

भन्नेसम्म सुन्न पाउँदैनन् । आजभोली युट्युब हेरेर मैंले यस्तो खाना बनाए वा बनाउछु भनेको पाउँछौं । हाम्रा आमा, हजुरआमाले आगोमा फुँ फुँ गरेर बनाएको खानाको स्वाद र बनाउने तरिका हाम्रा बालबालिकालाई थाहा छैन । यो कुरा सुनाउँदा उनीहरुलाई एकादेशको कथा जस्तो लाग्छ । आमा वा हजुरआमाले हामीलाई ढिँडो ओडाल्न सिकाउँदै गर्दा पाइने आमा छोरीको साथ, सामिप्यता, माधुर्यता, एक्लोपनको बोझबाट छुटकारा अनि आमा पुस्ताले पाउने खुसी र सन्तुष्टि आदि कुराहरु गुमाउँदै गर्दा हामी कम सामाजिक, कम पारिवारिक, कम मायालु, कम मृदुभाषि अनि कम खुसी बन्दै गएका छौं ।

अभिभावकले समाजमा जे जति गर्न सकिन्छ, त्यति समाजलाई आफ्नो तर्फबाट गरौं अनि बालबालिकालाई समाज र छिमेकमा कसरी भिज्ने भन्ने कुरा सिकाउनुका साथै के कसरी पुराना कुराहरु (इतिहास) जानकारी गराउन सकिन्छ भन्ने सोच्न जरुरी छ ।

पुराना कुरा धेरै त अन्धविश्वास र रुढिवादी हुन्छन् भन्ने सोच बालबालिकामा पर्न गएको छ । यस्ता कुरामा अभिभावक चिन्तित हुन जरुरी छ । अभिभावकले पनि समयको सदुपयोग गर्दै अर्काको गफ सुनेर, सामाजिक संजालमा झुण्डिएर बस्नुको साटो बालबालिकालाई हिंजोका कुराका बारेमा भन्न जरुरी छ । यदि यसो गर्न सकेनौ र छोरीछोरी प्रविधिको मात्र भरमा बस्न थाले भने छिमेक, समाज र देशका बारेमा उनीहरुलाई बुझाउन बाबुआमाको लागि चुनौती र चिन्ताको विषय बन्छ भन्नेमा दुईमत नहोला । आजभोली प्रविधिका कारण एउटै घरमा बस्ने तर, परिवार, परिवार जस्तो नदेखिने वातावरण बन्दै गएको स्थिति छ । धेरै परिवारमा आत्मियतासमेत छैन ।

समय परिवर्तनशील छ, भन्ने कुरा थाहा हुँदाहुँदै पनि परिवर्तनको बाटोमा लाग्नुभन्दा मनोरञ्जनको बाटोमा लागेर अभिभावकले आफ्ना बच्चालाई समय कम दिएको पाइन्छ । हो, समयको मागसगैं परिवर्तनको बाटो रोजी विकासको खोजिमा लाग्न जरुरी अथवा आवश्यकता देखिन्छ । प्रविधिको आवश्यकता भन्दा पनि मनोरञ्जनले अभिभावकसगैं बालबालिकालाई बढी नै प्रभाव पारेको पाइन्छ । खानेकुरा मात्र कुलत होइन भन्ने कुरा बुझ्न र बुझाउन अति नै जरुरी देखिन्छ । जाँडरक्सी, चुरोट, खैनी र मदिराजन्यकुरा मात्र बालबालिकाको मनस्थितिमा कुलत हो भन्ने पारेका तपाइँ-हामी नै हौं । मूख्य त समाजिक संजालका फाईदा बेफाइदा अभिभावकहरुले बालबालिकालाई बुझ्ने र बालबालिकालाई बुझाउन जरुरी छ । यसलाई पनि सहित तरिकाले चलाउन नजाने चुरोट रक्सी भन्दा बढी खतरानक लत प्रविधि हुन्छ भन्ने अभिभावकले बुझ्न् जरुरी छ । समाजको विकास गर्ने मानिसहरु हामीहरु नै हौं र हामीनै यसमा अगाडि बढ्न जरुरी छ । प्रविधिको सही प्रयोग गरौं ।

# आठबिसकोटमा नापी तथा मालपोत कार्यालय स्थापना

**सत्य बटाला/मध्यान्ह**
रुकुम पश्चिम, ९ असोज




रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा नापी तथा मालपोत कार्यालय स्थापना भएको छ । आइतबार एक कार्यक्रमकाबीच पालिकाको केन्द्र वडा नम्बर-९ बगरमा नापी तथा मालपोत कार्यालय स्थापना गरिएको हो । आइतबार कर्णाली प्रदेशका जलस्रोत तथा उर्जा विकास मन्त्री रातो कामीले दुवै कार्यालयको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री कामीले अब दुर्गम ठाउँका नागरिकलाई सहज हुने बताए ।

जिल्ला सदरमुकामदेखि निकै टाढा रहेका नागरिकले अब पालिकाबाट नै सेवा पाउने उनले उनको भनाइ थियो । जिल्लाको धेरै भुभाग ओगटेको आठबिसकोट नगरपालिकामा मालपोत र नापी कार्यालयको आवश्यकतालाई पूरा गरिएको मन्त्री कामीले बताए ।

स्थानीय मानबहादुर बटाला र तप्तबहादुर बटालाको घरमा मालपोत र नापी कार्यालयको स्थापना गरिएको छ। आठबिसकोट नगरपालिका, बाँफीकोट गाउँपालिकाका जनतालाई सेवा दिनका लागि आठबिसकोटमा उक्त कार्यालय स्थापना गरिएको हो । जिल्लाको पश्चिमी भेगमा नापी तथा मालपोत कार्यालय स्थापना हुनु भनेको नमूना एवं उदाहरणीय काम रहेको आठबिसकोट नगरपालिकाका नगरप्रमुख रवि केसीले बताए । उनले भने, 'जिल्लाको पशिचमी क्षेत्र, आफ्नै गाँउठाउँबाट यस्ता महत्वपूर्ण कार्यहरु हुनु सर्वसाधारणको लागि खुसीको कुरा छ ।' कार्यालयले जनमैत्री तबरले कार्यसम्पादन गर्ने केसीले बताए ।

स्थानीय स्तरबाटै जग्गा सम्बन्धी हरेक कामकाज गराउन पाउने भएपछि पालिकाका स्थानीयहरु हर्षित भएका छन् । पहिले पहिले जग्गासम्बन्धि सानो-सानो कामको लागि पनि ५/६ घण्टा टाढा सदरमुकाम जानुपर्ने अवस्थाको अन्त्य भएको स्थानीयले बताए ।

लामो समयको पहलकदमीपछि पालिकामा उक्त कार्यालय स्थापना गर्न सफल भएको नगरप्रमुख केसीले जानकारी दिए । भौगोलिक रुपमा झण्डै जिल्लाकै आधा भू-भाग ओगटेको आठबिसकोटमा नापी र मालपोत कार्यालयको आवश्यक रहेकाले स्थापना गर्नुपरेको बताए । साथै उनले धेरै संघर्ष र सबैको साथ सहयोगका कारण नागरिकले जग्गा सम्बन्धी सबै काम पालिका स्तरबाटै गर्न पाउने भएकोमा सबैलाई बधाई दिए । जिल्ला नापी कार्यालयका प्रमुख तुलसीराम भुसालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा मन्त्री कामीको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै नगरप्रमुख केसी र उपप्रमुख धनकुमारी शाहीको विषेश आतिथ्यता रहेको थियो ।

# व्यवसायलाई वैधानिकता दिन अनिवार्य 'दर्ता तथा नविकरण'



**टेकबहादुर पुन/मध्यान्ह**
दाङ, ९ असोज

लमही नगरपालिकाले व्यवसायलाई वैधानिकता दिन नगर अन्तर्गतका व्यवसायहरुको दर्ता तथा नविकरणलाई तिव्र पारेको छ । लमही नगरपालिकाले व्यवसायीहरुको सहजतालाई मध्यनजर गर्दै आइतबारदेखि दर्ता तथा नविकरणको शिविर सञ्चालन गरेको हो । प्रत्यक वडाहरुमा क्रमबद्ध तरिकाले शिविर सञ्चालन गरिने लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र प्रसाद श्रेष्ठले जानकारी दिए ।

देउखुरी उद्योग वाणिज्य संघ र चेम्बर अफ कमर्सको सहकार्यमा दर्ता तथा नविकरणको प्रक्रिया थालनी गरिएको हो । आफ्नो व्यवसायको सुरक्षा र हकहितका निम्ति पनि व्यवसाय अनिवार्य दर्ता तथा नविकरण गरिनुपर्ने अधिकृत श्रेष्ठले बताए । लमही नगरपालिका वडा नम्बर ९ अमिलियामा शिविरको उद्धाटन गर्दै श्रेष्ठले घरघरमा सिंह दरबारको अनुभूति दिलाउन तथा व्यवसायीको व्यस्ततालाई मध्यनजर गरी वडा वडामा शिविर सञ्चालन गरिएको जानकारी दिए ।

व्यवसायीबाट संकलित राजस्वले सरकार सञ्चालनमा प्रमुख भूमिका निर्वाह गर्ने भएकाले अनिवार्य व्यवसाय दर्ता तथा निवकरण गर्न सम्पूर्ण व्यवसायीलाई अनुरोध गरे । विभिन्न क्षेत्रबाट संकलन भएका राजस्वहरुबाटै समृद्धिको ढोका खुल्ने र गाउँ टोल र देशको विकास सम्भव हुने भएकाले वैधानिक भएर व्यवसाय गर्नुपर्ने धारणा व्यक्त गरे ।

असोज मसान्त भित्रमा व्यवसाय दर्ता तथा नविकरण गरेमा लाग्ने शुल्कमा १० प्रतिशत छुट हुने नगरपालिकाले जनाएको छ । लमही नगरपालिका राजस्व शाखा प्रमुख लक्ष्मी सुवेदीले प्रत्यक वडामा आयोजना हुने शिविर मार्फत फाईदा उठाउँदै आफ्नो व्यवसायलाई वैधानिकता दिन सम्पूर्ण व्यवसायीलाई दर्ता तथा नविकरण गर्न अनुरोध गरिन् ।

आइतबारदेखि शुरु भएको शिविर क्रमबद्ध तरिकाले यही असोज ११ गते वडा नम्बर ५, ६ र ७, १२ गते वडा नम्बर ५, ४ र ६, १३ गते वडा नम्बर २, ३ र ४, १४ गते वडा नम्बर १, २ र ३ मा सञ्चालन हुने लमही नगरपालिकाका प्रशासन प्रमुख महेश थापा ठेडीले जानकारी दिए । वडा नम्बर ८ र ९ बाट शिबिरको थालनी गरिएको हो ।

कार्यपालिका सदस्य पार्वती वि.कको अध्यक्षता तथा लमही नगरपालिकाका प्रशासकीय अधिकृत देबेन्द्र प्रसाद श्रेष्ठको प्रमुख आतिथ्यमा शिविरको उद्धाटन गरिएको हो । प्रशासन प्रमुख महेश थापा ठेडीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन राजस्व शाखा प्रमुख लक्ष्मी सुवेदीले गरेकी थिइन् । शिविरमा लमही नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष मनोज चौधरी, देउखुरी उद्योग वाणिज्य संघका उपाध्यक्ष केशवराज पोखरेल, लमही चेम्बर अफ कमर्सका महासचिव केशवराज अधिकारी, वडा कर्मचारी, पत्रकार लगायतको उपस्थिति थियो । शिविर सञ्चालन अघि वडा नम्बर ९ र ८ अन्तर्गतका बजार तथा टोलहरुमा 'तपाईको दर्ता छ ?' प्रश्नसहित परिक्रमा गरिएको थियो ।

## साउदीमा रोजगार | कम्पनी: NORTHERN MOUNTAINS CONTRACTING
शहर: Saudi

पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२८९६ L.T. No.: 266812 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Power Line Operator | 6 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 4 | 0 | | 2500 | ८५,९७५ | | | | | | | |

२. कम्पनी: Mohammed Saad Mohammed Al Ghurairi Al Dossary and Brothers Company शहर: Al-khobar
पुर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१४४ L.T. No.: 271464 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 31 | 0 | स. काममा दक्ष | 1000 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SALEH SAUD SALMAN AL-BALAWI RESTAURANT FOR SERVING शहर: Saudi Arabia,RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२९३ L.T. No.: 272409

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 6 | 0 | स. काममा दक्ष | 1400 | ४८,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: FOOD DIRECTION COMPANY TO PROVIDE MEALS शहर: Saudi Arabia,RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२९४ L.T. No.: 272410

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: FOOD HORIZONS FOUNDATION FOR SERVING MEAL शहर: Saudi Arabia,riyadh
पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२९६ L.T. No.: 272411

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## साउदीमा रोजगार | कम्पनी: : ALMASKAN WORLD FACTORY
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३२९ LT. No.: 272573

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastic Manufacturing Machinery Operator | 5 | 0 | स. काममा दक्ष | 1800 | ६१,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: ayushintl007@gmail.com

## कतारमा रोजगार | कम्पनी : CITY CABS LIMOUSINE SERVICE
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८१६९ LT. No.:261891 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 2200 | ७७,८३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1100 | ३८,९१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## मलेसियामा रोजगार | कम्पनी: ZAFRAN SECURITY SERVICES SDN BHD
शहर: Malaysia,GENTING KLANG

पूर्व स्वीकृत मितिः २०७९/०५/३० चलानी नं.: ६०१८७७६७ LT. No.: 272024 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9801081252, 9801081255 , 9801094766, 9801081253 9801081246

## साउदीमा रोजगार | कम्पनी : SAAD ALI AL ESSA CONTACTING GROUP
शहर: Saudi Arabia,riyadh

पुर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५४०१ LT. No.: 269533 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 80 | 0 | स. काममा दक्ष | 1000 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com

## साउदी र UAE मा रोजगार | १. कम्पनी : INTERNATIONAL WATER DISTRIBUTION CO.LTD
शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३२२ L.T. No.:272504

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sewage Treatment Plant Operator/Technician | 6 | 0 | स. काममा दक्ष | 2000 | ६८,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : International Mechanical & Electrical Co. (W.L.L.) शहर : UAE
पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३१९ L.T. No.: 272656

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 22 | 0 | स. काममा दक्ष | 1200 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
Govt Lic No. 1198/073/074
P.O.Box: 24384, Basundhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9841105977, 9851065493
E-mail : asiapowernepaljob@gmail.com

## साउदीमा रोजगार | कम्पनी: AL-AOUN AL-ARABIA CONTRACTING COMPANY
शहर: Arabia, Al Jubail

पूर्व स्वीकृत मितिः २०७९/०५/२८ चलानी नं.: ६०१८७६४५ LT. No.: 271841

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Machinery Operator | 3 | 0 | स. काममा दक्ष | 1800 | ६१,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## कतारमा रोजगार | Company : Star Universal Cafe LLC
City : Doha

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८३४५ LT. No.: 272537

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५६,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 0 | 2 | | 1600 | ५६,६०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोन: ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११

## ROMANIA (EUROPE) मा रोजगार | कम्पनी: INTERNATIONAL WORK FINDER
शहर: ROMANIA

पूर्व स्वीकृत मितिः २०७९/०२/१७ चलानी नं.: ६०१८००९८ L.T. No.: 263933

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 600 | ७७,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 550 | ७१,११० | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 650 | ८४,०३९ | | | | | | | |
| 4. | Cook Helper | 10 | 0 | | 550 | ७१,११० | | | | | | | |
| 5. | Factory Worker | 20 | 0 | | 550 | ७१,११० | | | | | | | |
| 6. | General Worker | 40 | 20 | | 550 | ७१,११० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (3 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल- सहेली म्यानपावर प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

## साउदीमा रोजगार | १. कम्पनी : Sahib Zaman Trading Est/ High Mood Shop For Trade
शहर : Jeddah

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२९८ LT. No.: 272436

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | vendor | 3 | 0 | स. काममा दक्ष | 2000 | ६८,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : TARIQ BIN SALMAN BIN JUWAIBER MITITARY NUTRITION FARM शहर : Madinah
पूर्व स्वीकृत मितिः २०७९/०४/२७ चलानी नं.: ६०१८५२५३ LT. No.: 269333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURAL WORK | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (03 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं २ नि:शुल्क क.नं. १ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

मध्यान्ह
www.madhyanhadaily.com
९ असोज २०७९, आइतबार
25 September 2022, Sunday

# थिमि सहकारीको साँस्कृतिक सम्मान

**भक्तपुर/मस–** भक्तपुरको मध्यपुर थिमि बचत तथा ऋण सहकारी संस्थाले साँस्कृतिक क्षेत्रमा योगदान दिएका ७ वटा समूहलाई सम्मान गरेको छ ।

संस्थाको १५ औं वार्षिक साधारणसभा कार्यक्रममा ऐतिहासिक निलबाराही गण प्याखँ मध्यपुर बोडे, लायकू भैलः सञ्चालन समिति, महाकाली प्याखँ व्यवस्थापन समिति दिगुटोल, थिमि गुंला बाजा खलः बज्राचार्य समुदाय, मध्यपुर थिमि गुंला बाजा प्रजापति समुदाय, यैंयाः पुन्हिया लसताय् म्ये प्वाः खानीगु जात्रा व्यवस्थापन समिति तथा मानन्धर गुंला बाजा सिवा सायि्म खलःलाई सम्मान गरेको हो । मध्यपुर क्षेत्रकै गौरव गर्न लायकको संस्कृतिलाई विकास, संरक्षण र प्रवर्द्धनमा टेवा दिएकोलाई मूल्यांकन गरी वाग्मती प्रदेशका खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री बसन्त मानन्धरले दोसल्ला ओडाएर फूलमालासहितको कदर-पत्र हस्तान्तरण गरी सम्मान गरेका हुन् ।




कार्यक्रममा सुरेश श्रेष्ठ तथा समीर कारंजितलाई सदस्य प्रोत्साहन पुरस्कार दिइएको छ ।

